सन्दर्भः ओशो

## ओशो जन्मोत्सव

- स्वामी आनन्द अरुण

एकपटक ओशोलाई मैले सोधेको थिए, 'बुद्धले प्रवचनमा आफ्ना अनेक विगत जन्मको  चर्चा गर्नुभएको छ जुन जातक कथामा संगृहित छ। उहाँले आफ्ना अनेक शिष्यहरू महामोद्गल्यान, महाकाश्यप, सारिपुत्र र यशोधराका बारेमा कुरा गर्दा उनीहरू विगतका धेरै जन्मदेखि मसँग सम्बन्धित छन्' भन्थे। तर तपाईं आफ्नो विगत जन्मका बारेमा किन कुनै कुरा गर्नुहुन्न्? के हामी पहिलो चोटि भेटिरहेका छौं वा हामी पहिलेपनि कहिले भेटिसकेका छौं?' यसको उत्तरमा ओशोले भने, 'एक जन्मको परिचयमा गहिरो प्रेम र श्रद्धा हुनसक्दैन। तिमीहरू मध्ये धेरै मसँग अनेक जन्मदेखि सम्बन्धित छौं। त्यसकारण मप्रति यत्रो श्रद्धा र विश्वास छ। एक जन्ममा त मात्रै परिचय हुन्छ। गहिरो प्रेम हुनलाई पनि अनेक जन्मको सहचर्य चाहिन्छ। गुरुप्रति गहिरो श्रद्धा, विश्वास र आस्था हुनलाई त अनेक जन्मको सम्बन्ध र साधना चाहिन्छ।'

'सामान्यत म यस्ता कुराहरू गर्दिन किनभने म आफ्ना वक्तव्यहरू यस युगको स्वाभाव अनरुप तर्कको कसीमा खरो उत्रिने बनाउन चाहान्छु। तर जीवन तर्कातीत र रहस्यपूर्ण छ। विज्ञान जति विकसित भएपनि बुद्धीको साहाराले यो सृष्टिको बहुआयामिक रहस्य र यसको विस्तारलाई कहिल्यै पनि पूर्णरूपले नाप्न सकिँदैन। पंचेन्द्रियले अनुभव गर्न सक्ने यो भौतिक जगत मात्रै एक मात्र यथार्थ होइन किनभने इन्द्रियहरूको अनुभव गर्ने सक्ने क्षमता बडो सीमित छ। तर मनुष्यसग इन्द्रियातित अनुभव गर्ने केन्द्रहरूपनि छन्। मनुष्यका अचतेन एक सुपर कम्प्युटरको हार्डडिस्क जस्तै छ जसमा विगत जन्मका सारा स्मृतिहरू संग्रहित छन्। तर त्यी स्मृतिमा सिधै प्रवेश गर्ने विधि हामीलाई थाहा छैन। कहिलेकाही अचानक वा कुनै दुर्घटनावश वा सम्मोहनको गहिरो प्रयोगमा ती स्मृतिहरू बाहिर निस्किन्छन्। साधनादारा अचेतनमा प्रवेश गर्ने विधिहरू छन्। प्रत्येकरू रात्रि हामी स्वप्नमा अचेतनमा वेहोस प्रवेश गर्छौ र अनेक दृश्य देख्छौं। कहिलेकाही ती स्वप्नहरू हाम्रा पूर्व जन्म वा अन्य सूक्ष्मलोकहरूसँग सम्बन्धित हुन्छन्। तर त्यो प्रवेश वेहेसी र अचेत अवस्थामा हुन्छ। साधनाद्वारा सचेत र होशपूर्वक अचतेनमा प्रवेश गर्न सकिन्छ र विगतको आफ्नो श्रृंखलावद्ध इतिहासपनि थाहा पाउन सकिन्छ। यसलाई बुद्ध र महावीरले आफ्नो साधना पद्धतिको एक आवश्यक अंग बनाए। जसलाई 'जातीय स्मृतिको प्रयोग' भनियो।'

'बुद्ध र महावीरका शिष्यहरूमा हजारौं यस्ता साधक थिए जसलाई आफ्ना पुर्वजन्महरूको स्मृति थियो। यिनीहरूका बीच जब बुद्धले आफ्ना पूर्वजन्महरूका घटनाहरू सुनाउथे ती मध्येका अनेकलाई पनि त्यो घटनाको पुनःस्मृति हुन्थ्यो। त्यसैले बुद्धलाई यस्तो कुरा गर्न सजिलो थियो।
यद्यपि बुद्ध स्वयं तार्किक, बुद्धीवादी र तथ्यगत कुरा मात्रै गर्दथे।'

उनले अगाडि भने, 'यो सुविधा मलाई छैन। यो युग सन्देह, शंका र अविश्वासले भरिएको छ। मानिस अतिशय तनाव, अति वेहेशी, असुरक्षा र अतिमहत्वकांक्षाले लगभग विक्षिप्त अवस्थामा बाचिरहेको छ। सुक्ष्म संवेदनशीलता पूर्णरुपमा गुमाएको मनुष्यको अगाडि अत्येन्द्रिय र मनातीत अवस्थाको कुरा गर्नु भैंसीको अगाडि बाँसुरी बजाउनु जस्तै हुन्छ।'

यहाँ मलाई शिवपुरीबाबाको एउटा कथन याद आउँछ। एकपटक काठमाण्डौंका केही स्थानिय गन्यमान्य व्यक्तिहरूले शिवपुरीबाबासँग प्रश्न गरेछन्, 'हजुरको कुरा हामीले बारम्बार सुनेपनि बुझ्न गाऱ्हो भइरहको छ। बाबा के होला यसको कारण?' बाबाले यसको प्रत्युत्तरमा भनेका थिए, 'तिमीहरू ठूलाठूला खसी खान्छौं। मेरो कुरा अति सुक्ष्म छ, तिम्रो मस्तिष्कमा कसरी पसोस्?'

त्यस्तै बेनेटले जब शिवपुरीबाबालाई सोधे, 'तपाईंसँग अथाह र असीम ज्ञान छ, यो तपाईं संसारलाई किन सिकाउनुहुन्न?' शिवपुरीबाबाको जवाफ थियो, 'तिमी यत्रो टाढा बेलायतबाट मलाई भेट्न आयौ। तिमी शिक्षित र धर्ममा अत्यन्त उत्सुक व्यक्ति हौ। तिमीलाई मैले भोजनमा केही अरु परिवर्तन गर भन्दा तिमी अनकनाइरहेका थियौ। संसारका अरु मानिस तिमी जति बुद्धीमान, प्रेरित र श्रद्धालु छैनन्। उनीहरूलाई शिक्षा दिन गएँ भने उनीहरूले आफ्नो जीवनमा केही परिवर्तन गर्न सक्दैनन्, मेरो व्यक्तिगत एकान्त र शान्तिलाई मात्रै बिगारिदिन्छन्।' यसैकारण शिवपुरीबाबा र अन्य सच्चा साधुहरू जीवनभरी एकान्त मै बस्छन् र केही अत्यन्त प्रिय र श्रद्धाले भरिएका मुमुक्षहरूलाई मात्रै मार्गदर्शन गर्छन्। यसको विपरित ओशोले लाखौं व्यक्तिलाई स्वयम् दीक्षा दिए। उनको प्रवचन सुन्ने र पुस्तक पढनेको संख्या करोडौंमा छ। मनुष्यताको पुरै इतिहासमा यति सहजै यति धेरै मानिसहरूलाई बिना कुनै भेदभाव र पूर्व तयारी दीक्षा दिई साधनापथमा डोऱ्याएको अर्को कुनै गुरु भेटिदैन। यो युगको बाध्यता थियो। यसलाई अझ बुझ्न हामीले बिसौं शताब्दीको समग्र परिप्रेक्षलाई बुझ्न जरुरी छ।

दुई महायुद्ध खेपिसकेको विश्व, आधि दुनियाँलाई डरत्रासले जबरजस्ती नास्तिक बनाइरहेको साम्यवाद, समाजका अत्यन्त प्रखर प्रतिभा रसेल, नित्से, सार्त्रहरूको धर्मप्रतिको वितृष्णा, शीतयुद्धको त्रास, हिप्पीवादले चलिआएका मूल्य र मान्यतालाई पूर्णतया नकार्दै गरेको दिशाहीन विद्रोह, धर्मको नाममा फैलिरहेको आतंकवाद, धार्मिक आस्थाकेन्द्रले गुमाउँदै गएको साख, आधुनिक मनोविज्ञानले खोजेका तथ्यका अगाडि अलमल्ल परेको धार्मिक मान्यता इत्यादिका कारणहरूले २१ औं शताब्दीमा शायद धर्म र आध्यात्म अब समाजबाट पुरै विदा हुन्छ कि भन्ने भय थियो। त्यस पृष्ठभूमिमा यी सबै नयाँ चुनौतीहरूलाई सम्बोधन गर्दै ओशोले धर्म र आध्यात्मको सनातन सत्यलाई पुनर्व्याख्या गरे र यसलाई वैज्ञानिक जगमा बसाले। ओशोको धर्मको यो वैज्ञानिक व्याख्यासँग असहमत हुन नास्तिकलाई पनि अब गाऱ्हो हुन्छ। ओशोले नास्तिकता र विज्ञानको भवनमा धर्मध्वजा फहराए। परिवारमा यसलाई पुऱ्याए, घरमा मन्दीर र बजार तथा संसारमा वैराग्य र सन्यासलाई प्रतिष्ठापित गर्ने अथक प्रयास गरे। धर्मका ठेकेदारहरूले यो हाम्रो परम्परागत धर्म होइन भनी यसको विरोध गरे र तथाकथित आधुनिक व्यक्तिहरूले यसलाई अध्ययनै नगरी सुनेकै भरमा छाडावादको संज्ञा दिई यसबाट आफू पन्छिए। त्यसैले यो एक नितान्त, साहसिक र नौलो प्रयोग भएकोले यसले कठोर विरोधको सामना गर्नुपऱ्यो। ओशोको प्रवचनमा उनले ढुंगामुढा जुत्ता, चप्पल, छुरीको सामना गर्नुपऱ्यो र अत्यन्तमा सबैभन्दा सम्पन्न र व्यक्तिगत स्वतन्त्रता तथा मानव अधिकारको वकालत गर्ने देशले उनलाई थेलियम विष खुवाई बिदा गऱ्यो। तर पनि त्यस्ता असंख्य विषम परिस्थितिका बिचमा पनि मैले उनलाई सर्वदा अकम्प, निश्चिन्त र आनन्दित नै पाएँ।

विद्रोह र साहासको यस तेजोमय दीपलाई कहिल्यै निभ्न नदिने संकल्प गर्दै त्यस्ता प्रज्ञापुरुषको जन्मदिवस ११ डिसेम्बरका दिन उनलाई हाम्रो श्रद्धानमन।